उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप

बागमती प्रदेश नेपाल

फोन नं ०४८६९११२७

पत्र संख्या :- २०७६/०७७

चलानी नं :- ९८२

मिति:-२०७६/११/१२

विषय: आधारभूत तह (कक्षा ८) २०७६ को अन्तिम परीक्षा सम्बन्धमा ।

श्री कक्षा ८ संञ्चालित सामुदायिक विद्यालयहरु

उमाकुण्ड गाउँपालिका, प्रिती रामेछाप ।

प्रस्तुत विषयमा आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा समितिको मिति २०७६।११।०८ को निर्णयानुसार यस गाउँपालिका भित्रका कक्षा ८ संञ्चालित सामुदायिक विद्यालयहरुको परीक्षा मिति २०७६।१२।०६ गतेबाट हुने भएकोले तहाँ विद्यालयमा हाल कक्षा ८ मा नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुको आवश्यक विवरणहरु IEMIS २०७६ को आधारमा हुने भएकोले आ-आफ्नो विद्यालयले विद्यार्थीको व्यक्तिगत विवरण (विद्यार्थीको नाम, थर, जन्म मिति, बाबुआमाको नाम थार समेत) जन्म दर्ताको आधारमा रुजु सहित पुनः अपलोड गरी सो को हार्ड कपी प्र.अ.ले प्रमाणित गरी १ प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०७६।११।२५ गते भित्रमा अनिवार्य रुपमा बुझाउनु हुन र अन्य विषयमा तपशिल अनुसार गर्नुहुन सूचित गरिन्छ ।

तपशिल:

१.विद्यार्थीको नाम र जन्म दर्ताको आधारमा परीक्षा फाराम भरी जन्म दर्ताको १ प्रति प्रतिलिपी संलग्न गरी मिति सम्म २०७६।११।२५ शाखामा अनिवार्य बुझाउनु पर्नेछ ।

२.नाम र थर लेख्दा छोटकरीमा नलेखी पूरा रुपमा नै लेख्नुपर्नेछ ।

३.परीक्षार्थीहरुको सिम्बोल नं IEMIS मा रहेको विद्यार्थीहरुको Reg.ID नै राख्नुहुन अनुरोध छ ।

४.विद्यार्थीहरुको जन्म मिति २०६४।१२।३० भन्दा अगाडिकोले मात्र यस परीक्षामा सहभागी हुन पाउने हुदाँ सो अनुसारको मात्र पठाउनु हुन समेत जानकारी गराइन्छ ।

५.परीक्षा तालिकाएंव परीक्षा सम्बन्धी अन्य निर्देशन तपशिल बमोजिक कायम गरिएको जानकारी गराइन्छ ।

ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकिय अधिकृत

परीक्षा संञ्चालन हुने समय: १:०० बजे

| क्र.स. | मिति | बार | विषय |
|---|---|---|---|
| १ | २०७६।१२।०६ | बिहिबार | अंग्रेजी |
| २ | २०७६।१२।०७ | शुक्रबार | नेपाली |
| ३ | २०७६।१२।०९ | आइतबार | गणित |
| ४ | २०७६।१२।१० | सोमबार | विज्ञान तथा वातावरण |
| ५ | २०७६।१२।११ | मंगलबार | सामाजिक अध्ययन |
| ६ | २०७६।१२।१२ | बुधबार | पेशा, व्यवसाय तथा प्रविधि शिक्षा |
| ७ | २०७६।१२।१३ | बिहिबार | स्वास्थ्य शारीरिक तथा नैतिक शिक्षा |
| ८ | २०७६।१२।१५ | शुक्रबार | कम्प्युटर शिक्षा |

क) सम्बन्धीत विद्यालयलाई नै परीक्षा केन्द्र र सोही विद्यालयका प्र.अ. लाई केन्द्राध्यक्ष तोकिएको छ ।

ख) प्रश्नपत्र प्याकेट खोल्दा प्याकेटमा लेखिएको मिति र विषय राम्रो सँग हेरी ३ जनाको रोहवरमा प्र.अ.ले परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडी मुचुल्का गरी खोल्नु पर्नेछ ।

ग) प्रश्नपत्रको प्याकेट खोल्दा कुनै त्रुटी फेला परेमा सुरक्षित एंव गोप्य राखी शिक्षा, युवा तथा खेलकुद शाखामा खबर गरी प्राप्त निर्देशन बमोजिम अगाडि बढनु पर्नेछ ।

घ) प्रश्नपत्र बुझेर लैजाने एंव गोप्य रुपमा राखी ढंगले परीक्षा संचालन गर्ने मुख्य जिम्मेवारी केन्द्राध्यक्षको हुनेछ ।

ङ) उत्तर पुस्तिका परीक्षा सकेको १ (एक) दिन भित्र सुरक्षित रुपमा शिक्षा, युवा तथा खेलकुद शाखा पठाउने व्यवस्था केन्द्राध्यक्षले मिलाउनु पर्नेछ ।

च) उत्तर पुस्तिकाको परीक्षण गाउँपालिकाको केन्द्रमा हुनेछ ।

छ) परीक्षाको दिन कुनै आकस्मिक विदा पर्न गएमा पनि परीक्षा समितिको पूर्व सूचना विना परीक्षा स्थगित हुने छैन ।